# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, ओखलढुङ्गा

## युवा उद्यम विकास कार्यक्रम अन्तरगत सञ्चालन गर्न सकिने ब्यवसायिक क्षेत्र अन्तरगतका <u>क्रियाकलापहरुः</u>

**(क) कृषि तथा पशुपंक्षीमा आधारित उद्यम ब्यवसायः**

तरकारी खेति, अन्न उत्पादन, माछापालन, हाँस, कुखुरा, बट्टाइ, खरायो, बाखा, गाई, भैसी, भेडा, च्याङ्ग्रा, चौरी, अकबरे, अमृसो, अदुवा, लसुन, खुर्सानी, दुध डेरी तथा दुधबाट बनेका परिकारहरु, रेशम खेति र उत्पादन भएका सामाग्रीहरु किवी खेति, बीउविजन उत्पादन तथा प्रशोधन र संरक्षण ।

**(ख) बन (औषधिजन्य जडीबुटी वनपैदावर) मा आधारित उद्यम ब्यवसायः**

फर्निचर, काठका सजावट सामाग्री, क्यूरियो सामाग्री, अलैंची, औषधिका लागि कच्चा सामाग्रीहरुको उत्पादन, चिराइतो सामुदायिक वन ।

**(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम ब्यवसायः**

विज्ञानका आविष्कारहरु, आइ.सि.टि. सम्बन्धी ब्यवसायहरु, मोबाइल/ रेडियो/ टि.भि.मर्मत तथा बिक्री केन्द्र, फोटो तथा सुटिङ् स्टुडियो, फोटोग्राफ, रेडियोग्राफ, भाषा प्रशिक्षण, भाषा रुपान्तरण, ट्यूशन तथा कोचिङ कक्षाहरु ।

**(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम ब्यवसायः**

भाषा प्रशिक्षण, होटल ब्यवसाय, क्यूरियो सामान निर्माण र बिक्री, होमस्टे, रिसोर्ट, टुरिष्ट गाइड ।

**(ङ) निर्माणमा आधारित उद्यम ब्यवसायः**

फलाम, काठ, माटो, ढुङ्गा, इटा, टायल, सिमेन्ट, वेतबाँस, तारजाली, छाला, आदिका उद्योगहरु र बनेका सामग्रीहरु हस्तकला, चित्रकला, मूर्तिकला, हाउस वायरिङ्, रंगरोगन, गोबरग्याँस, उन्नत चुल्हो, डकर्मी, सिकर्मी तथा क्रसर उद्यम ।

**(च) कलामा आधारित उद्यम ब्यवसायः**

ढाका, मखमल, सुती, उन, आदिका कपडा बुन्ने, बेतबाँस तथा परालजन्य सामाग्री, डोको, नाम्लो, मान्द्रो, सुकुल, गुन्द्री, गलैंचा आदि बनाउने, कपडा सिलाइ बुनाइ, बुटिक फेसन डिजाइन, ब्युटी पार्लर, हेयर कटिङ्, मेहन्दी, चुरापोते डिजाइन, सजावटका सामाग्री, खेलौना, धुप, मैनबत्ती, गरगहनाहरु र पेन्टिङ् ।

**(छ) संस्कृति, साहित्य सृजना, गीत, संगीतमा आधारित उद्यम ब्यवसायः**

सांस्कृतिक परम्परागत नृत्य, बाद्यवादन, कविता, कथा, निवन्ध, गायन, गीत रचना, नृत्य, संगीत आदि ।

**(ज) खाद्य प्रशोधनमा आधारित उद्यम ब्यवसायः**

अचारहरु, गुन्द्रुक, मस्यौरा, सुकुटी (स्याउ, मासु, माछा, मूला, करेला आदि) सिस्नो, चिया (तुलसी, ग्रिन टी आदि) दालमोठ, चिप्स, जुस तथा पेय पदार्थहरु ।